नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (संघीय मामिला शाखा)

सिंहदरबार,काठमाण्डौ

पत्र संख्याः सं.मा.शा.२०७४/०७५
चलानी नं. १५

फोन नं.०१-४२११८९५

मितिः२०७५।०४।१५

विषयः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम वडा समिति वा वडा अध्यक्षबाट हुने अधिकार प्रत्यायोजन सम्वन्धमा स्पष्ट गरिएको।

श्री नागार्जुन नगरकार्यपालिकाको कार्यालय,
हरिसिद्धि, सीतापाइला ,काठमाण्डौं ।

तहाँ नगरकार्यपालिकाको कार्यालयको च.नं.४१, मिति २०७५।०४।०७ को पत्रमा "स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १८(३) अनुसार वडा समिति वा वडा अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिको कुनै सदस्य वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ भनी उल्लेख भएकोमा कुनै स्थानीय तहको वडा सदस्य पदमा निर्वाचित भएको व्यक्ति सोही स्थानीय तहको कार्यपालिका सदस्य पदमा निर्वाचित भइ गएमा उक्त सदस्यलाई दफा(३) अनुसार अधिकार प्रत्यायोजन गर्न मिल्ने नमिल्ने सम्वन्धमा अरोध भै आएको विषयमा लेखिदैछ । सरकार सञ्चालन ऐन,२०७४ मा भएको व्यवस्था हेर्दा कार्यपालिकाको सदस्यको पद, त्यस्तो पदको काम,कर्तव्य र अधिकार र सेवा सुविधा र वडा सदस्यको काम ,कर्तव्य र अधिकार तथा सेवा सुविधा फरक फरक हुने वा हुनसक्ने अवस्थामा एउटै व्यक्तिले यी दुवै पदको पदाधिकार र सुविधाको हक राख्न वा कामकारवाही गर्न नमिल्ने भएकाले सवै स्थानीय तहहरूमा समेत जानकारी गराउने गरी मिति २०७५।०४।११ मा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) वाट निर्णय भएकाले निर्णयानुसार अनुरोध छ ।

वोधार्थः-
श्री गाउँकार्यपालिका/नगरकार्यपालिकाको कार्यालय,सवै।
श्री सूचना तथा विद्युतीय शासन शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पत्र यस मन्त्रालयको Website मा Upload गरी दिनुहुन अनुरोध छ ।

०७५।४।१५

(खेमराज जोशी)
शाखा अधिकृत